# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल असार २ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क.स. | पद दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री नारायण अर्याल | |

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्याः १४/२०८१/०८२ (१७७) मितिः२०८२/०३/०२ गते ।

<u>प्रस्तावहरुः</u>

१. वडा कार्यालयहरुका लागि वजेट सिलिङ्ग निर्धारण सम्वन्धमा ।

२. आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा सम्वन्धमा ।

३. तिलोत्तमा नगरपालिका वडा नं. १६ को गाउँ व्लक जग्गा सिफारिस सम्वन्धमा।

निर्णय नं.-४ विविध।

४. क) NUGIP अन्तरगतको वेवरा - कान्छीवजार सडक आयोजनाको म्याद थप सम्वन्धमा ।

४.ख) १५ शैया अस्पतालहरुको म्याद थप सम्वन्धमा ।

४.ग) वैदेशिक भ्रमण सम्वन्धमा ।

४.घ) शोक प्रस्ताव सम्वन्धमा ।

रामकृष्ण खाण
नगर प्रमुख

मिति २०८२।०३।०[illegible] गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.-१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम गठित तिलोत्तमा नगरपालिकाको स्रोत अनुमान तथा बजेट निर्धारण समितिले तयार गरी पेश गरे बमोजिमको देहायको वडागत बजेट सिलिङ्ग स्वीकृत गर्ने र देहायको मार्गदर्शन तथा स्वीकृत वडागत बजेट सिलिङ्ग बमोजिम वडा समितिका योजना तथा कार्यक्रमहरु स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम छनौट, वर्गीकरण र प्राथमिकीकरण र स्वीकृत गरि मिति २०८२ असार ५ गतेभित्र पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिकाका विषयगत समितिद्धारा तयार गरी पेश भएको तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा उपर थप अध्ययन गरि स्वीकृतका लागि आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.-३

तिलोत्तमा नगरपालिका वडा नं.१६ को प.स. ०८१/०८२, च.न.१८६८, मिति २०८२/०२/०६ गतेको सिफारिस पत्रानुसार सोहि वडाको मधवलिया गा.वि.स.वडा नं.७/क, कि. नं. ६०७ र ६६९ विन्दवासिनी टोल प्रसहवा पर्ने वडा नं.७/क, कि.नं. ४४३ कोटहीमाई टोल स्थित पल्लो टोलामा पर्ने जग्गाको फिल्ड वुकको विरहमा गाउँ ब्लक रहेको भनि उक्त गाउँ ब्लकको जग्गा नियमानुसार जग्गा धनी प्रमाणपत्र उपलब्ध गराई दिनका लागि जिल्ला नापी कार्यालय र जिल्ला मालपोत कार्यालय रुपन्देहीलाई सिफारिस गरी पठाउन लेखि आएकोले प्रचलित कानुन बमोजिम उल्लेखित कार्य अगाडि बढाउन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-४ विविध।

४. क) NUGIP अन्तरगतको वेवरा – कान्छीबजार सडक आयोजनाको म्याद थप सम्बन्धमा ।

नेपाल सरकार र विश्व बैंकको सहयोगमा निर्माणाधिन वेवरा-कान्छीबजार सडक ठेक्का नं. NP-DUDBC-39527-CW-RFB को लागि 14 April,2024 श्री आशिष आर्शिवाद जे.भि. र तिलोत्तमा नगरपालिकावीच भएको ठेक्का संझौता अनुसार 28 April, 2025 मा ठेक्का म्याद समाप्त भएको साथै, निर्माण व्यवसायीबाट म्याद थपको निवेदन

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

उपर डिजाइन तथा सुपर भिजन कन्सल्टयाण्टद्धारा निर्माण व्यवसायीको दाबी तथा कानुनी आधारहरु समेतको अध्ययन गरी कूल १६२ दिनको म्याद थपको लागि सिफारिस भएको सो सम्बन्धमा NUGIP, PCO बाट समेत 1st JUNE, 2025 को इमेल तथा पत्र मार्फत म्याद थपको लागि स्वीकृति प्राप्त भएको हुँदा पुर्वाधार शाखाबाट पेश भएको प्रस्ताव बमोजिम म्याद समाप्त भएको मितिबाट लागु हुने गरि कुल १६२ दिन म्याद थप गर्ने निर्णय गरियो ।

४.ख) १५ शैया अस्पतालहरुको म्याद थप सम्बन्धमा ।

तिलोत्तमा नगरपालिका र श्री खड्का सगुन जे.भी.संग भएको ठेक्का संझौता अनुसार आनन्दवन १५ शैया अस्पताल ठे.न.४६/०७७/०७८ र बि.पी.ग्राम १५ शैया अस्पतालको ठेक्का नं.४७/०७७/०७८ को दोस्रो पटक थपिएको ठेक्का म्याद २०८२/०३/१५ गते समाप्त हुने भएता पनि रनिङ्ग बिल भुक्तानीको लागि संघीय सरकार अर्थ मन्त्रालय बाट प्राप्त हुने बजेट आर्थिक वर्षको अन्त्य सम्म पनि प्राप्त नभएको साथै रनिङ्ग बिल भुक्तानी नहुँदा सम्म थप निर्माण कार्य गर्न नसक्ने भनि पुनः तेस्रो पटकको लागि म्याद थप गर्नको लागि पुर्वाधार शखाबाट पेश भएको प्रस्ताव बमोजिम माग भै आएको हुँदा मिति २०८३/३/१५ गतेसम्मको लागि उक्त ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

४.ग) वैदेशिक भ्रमण सम्वन्धमा ।

धार्मिक एवं पर्यटकीय स्थलहरुलाई अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरी अन्तराष्ट्रिय संघसंस्थासँग सम्वन्ध विस्तार गर्ने, समन्वय, सहकार्य, सहयोग एवं अनुभव आदान प्रदान गर्नुका साथै विश्व शान्तिका अग्रदुत गौतम बुद्धको शान्ति सन्देश र मार्गदर्शनलाई विश्वस्तरमा फैलाउने कार्यमा सहयोग पुर्याउन बुद्ध परिपथका पालिका तथा अष्ट्रेलियाको ग्रेट स्तुपाबीच संस्थागत सह-सम्वन्ध, एवं भोगिनी सम्बन्ध कायम MOU पत्रमा हस्ताक्षर गरि सहकार्य गर्नें लगायतका सम्पूर्ण कार्यहरु गर्नका लागि तिलोत्तमा नगरपालिकाबाट पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई मनोनयन गर्ने र भ्रमणको क्रममा हुने हवाई यातायात तथा बसोबास खर्च नगरपालिकाले वेहोर्ने निर्णय गरियो ।

४.घ) शोक प्रस्ताव सम्वन्धमा ।

तिलोत्तमा नगरपालिका वडा नं.१५ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य श्री खेमराज गुरुङ्गज्यूको पूज्यनीय पिता स्व. श्री चम्पा सिंह गुरुङ्गको ८१ वर्षको उमेरमा मिति २०८२/०३/०२ गते भएको निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्याः १४/२०८१/०८२ (१७७) मितिः२०८२/०३/०२ गते ।

प्रस्तावहरुः

१. वडा कार्यालयहरुका लागि बजेट सिलिङ्ग निर्धारण सम्बन्धमा ।

२. आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा सम्बन्धमा ।

३. तिलोत्तमा नगरपालिका वडा नं. १६ को गाउँ ब्लक जग्गा सिफारिस सम्बन्धमा।

निर्णय नं.-४ विविध।

४: क) NUGIP अन्तरगतको वेवरा - कान्छीबजार सडक आयोजनाको म्याद थप सम्बन्धमा ।

४.ख) १५ शैया अस्पतालहरुको म्याद थप सम्बन्धमा ।

४.ग) वैदेशिक भ्रमण सम्बन्धमा ।

४.घ) शोक प्रस्ताव सम्बन्धमा ।

रामकृष्ण खाण
नगर प्रमुख

मिति २०८२/०३/०२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.-१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम गठित तिलोत्तमा नगरपालिकाको स्रोत अनुमान तथा बजेट निर्धारण समितिले तयार गरी पेश गरे बमोजिमको देहायको वडागत बजेट सिलिङ्ग स्वीकृत गर्ने र देहायको मार्गदर्शन तथा स्वीकृत वडागत बजेट सिलिङ्ग बमोजिम वडा समितिका योजना तथा कार्यक्रमहरु स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम छनौट, वर्गीकरण र प्राथमिकीकरण र स्वीकृत गरि मिति २०८२ असार ५ गतेभित्र पेश गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिकाका विषयगत समितिद्धारा तयार गरी पेश भएको तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा उपर थप अध्ययन गरि स्वीकृतका लागि आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.-३

तिलोत्तमा नगरपालिका वडा नं.१६ को प.स. ०८१/०८२, च.न.१८६८, मिति २०८२/०२/०६ गतेको सिफारिस पत्रानुसार सोहि वडाको मधवलिया गा.वि.स.वडा नं.७/क, कि. नं. ६०७ र ६६९ विन्दवासिनी टोल प्रसहवा पर्ने वडा नं.७/क, कि.नं ४४३ कोटहीमाई टोल स्थित पल्लो टोलामा पर्ने जग्गाको फिल्ड बुकको विरहमा गाउँ ब्लक रहेको भनि उक्त गाउँ ब्लकको जग्गा नियमानुसार जग्गा धनी प्रमाणपत्र उपलब्ध गराई दिनका लागि जिल्ला नापी कार्यालय र जिल्ला मालपोत कार्यालय रुपन्देहीलाई सिफारिस गरी पठाउन लेखि आएकोले प्रचलित कानुन बमोजिम उल्लेखित कार्य अगाडि बढाउन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-४ विविध।

४. क) NUGIP अन्तरगतको वेवरा – कान्छीवजार सडक आयोजनाको म्याद थप सम्बन्धमा ।

नेपाल सरकार र विश्व बैंकको सहयोगमा निर्माणाधिन वेवरा-कान्छीबजार सडक ठेक्का नं. NP-DUDBC-39527-CW-RFB को लागि 14 April,2024 श्री आशिष आर्शिवाद जे.भि. र तिलोत्तमा नगरपालिकाबीच भएको ठेक्का संझौता अनुसार 28 April, 2025 मा ठेक्का म्याद समाप्त भएको साथै, निर्माण व्यवसायीबाट म्याद थपको निवेदन

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

उपर डिजाइन तथा सुपर भिजन कन्सल्टयान्ट, निर्माण व्यवसायीको दावी तथा कानुनी आधारहरु समेतको अध्ययन गरी कूल १६२ दिनको म्याद थपको लागि सिफारिस भएको सो सम्वन्धमा NUGIP, PCO बाट समेत 1st JUNE, 2025 को इमेल तथा पत्र मार्फत म्याद थपको लागि स्वीकृति प्राप्त भएको हुँदा पुर्वाधार शाखाबाट पेश भएको प्रस्ताव बमोजिम म्याद समाप्त भएको मितिबाट लागु हुने गरि कुल १६२ दिन म्याद थप गर्ने निर्णय गरियो ।

४.ख) १५ शैया अस्पतालहरुको म्याद थप सम्वन्धमा ।

तिलोत्तमा नगरपालिका र श्री खड्का सगुन जे.भी.संग भएको ठेक्का संझौता अनुसार आनन्दवन १५ शैया अस्पताल ठे.न.४६/०७७/०७८ र बि.पी.ग्राम १५ शैया अस्पतालको ठेक्का नं.४७/०७७/०७८ को दोस्रो पटक थपिएको ठेक्का म्याद २०८२/०३/१५ गते समाप्त हुने भएता पनि रनिङ्ग बिल भुक्तानीको लागि संघीय सरकार अर्थ मन्त्रालय बाट प्राप्त हुने बजेट आर्थिक वर्षको अन्त्य सम्म पनि प्राप्त नभएको साथै रनिङ्ग बिल भुक्तानी नहुँदा सम्म थप निर्माण कार्य गर्न नसक्ने भनि पुनः तेस्रो पटकको लागि म्याद थप गर्नको लागि पुर्वाधार शखाबाट पेश भएको प्रस्ताव वमोजिम माग भै आएको हुँदा मिति २०८३/३/१५ गतेसम्मको लागि उक्त ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

४.ग) वैदेशिक भ्रमण सम्वन्धमा ।

धार्मिक एवं पर्यटकीय स्थलहरुलाई अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरी अन्तराष्ट्रिय संघसंस्थासँग सम्वन्ध विस्तार गर्ने, समन्वय, सहकार्य, सहयोग एवं अनुभव आदान प्रदान गर्नुका साथै विश्व शान्तिका अग्रदुत गौतम वुद्धको शान्ति सन्देश र मार्गदर्शनलाई विश्वस्तरमा फैलाउने कार्यमा सहयोग पुर्याउन वुद्ध परिपथका पालिका तथा अष्ट्रेलियाको ग्रेट स्तुपावीच संस्थागत सह-सम्वन्ध, एवं भोगिनी सम्वन्ध कायम MOU पत्रमा हस्ताक्षर गरि सहकार्य गर्नें लगायतका सम्पूर्ण कार्यहरु गर्नका लागि तिलोत्तमा नगरपालिकाबाट पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई मनोनयन गर्ने र भ्रमणको क्रममा हुने हवाई यातायात तथा बसोबास खर्च नगरपालिकाले वेहोर्ने निर्णय गरियो ।

४.घ) शोक प्रस्ताव सम्वन्धमा ।

तिलोत्तमा नगरपालिका वडा नं.१५ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य श्री खेमराज गुरुङ्गज्यूको पूज्यनीय पिता स्व. श्री चम्पा सिंह गुरुङ्गको ८१ वर्षको उमेरमा मिति २०८२/०३/०२ गते भएको निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner